मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल
०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :-
चलानी नं. :-

दोश्रो पटक सूचना प्रकाशित मिति २०८३/०६/१६

प्रस्तुत बिषयमा यस कार्यालयको पशु सेवा तर्फको चालु आ.व.२०८३/८४ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार **ढुवानी सहित ५० प्रतिशत अनुदानमा हिउदे जै, बर्षे टियोसेन्टि र बहुबर्षिय मेन्डुला, सुपर नेपियर, किम्बु घांसको बिउ/बेर्नाहरु** उपलब्ध गराउनको लागि मिति २०८३/०६/०१ गतेका दिन प्रथम पटक १५ दिने सार्वजानिक सूचना प्रकाशन गरिएकोमा सूचनाको म्याद भित्र प्रयास माग निवेदन प्राप्त नभएको हुदा मन्थली नगरपालिका भित्रका पशुपालक कृषक/फार्म/समुह/समिति/सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मिति २०८३/०६/२२ गते) भित्र तोकिए बमोजिमका आवश्यक कागजातहरु समेत संलग्न राखी आफुलाई आवश्यक पर्ने विउ/बेर्नाहरुको माग पायक पर्ने वडामा रहेका पशु सेवा केन्द्रहरु र पशु सेवा शाखामा पेश गर्नु हुन सबैको जानकारीको लागि यो दोश्रो पटकको सूचना प्रकाशित गरिएको छ ।तोकिएको समयसिमा भित्र माग नगर्ने र अग्रिम रुपमा ५० प्रतिशत रकम कार्यालयलाई उपलब्ध नगराएमा विउ/बेर्नाहरु उपलब्ध गराउन नसकिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपसिल :

१. तोकिए बमोजिमको ढांचामा निवेदन ।
२. नेपाली नागरिकताको प्रतिलिपी ।
३. समूह/समिति/सहकारीहरुको हकमा बैठकको निर्णय,दर्ता नविकरण,करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।
४. जग्गा भाडामा लिएको भए सम्झौता पत्रको प्रतिलिपी र जग्गा धनी पूर्जाको प्रतिलिपी ।

प्रमुख प्रशासकीय अधिकृत